# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०७।०७ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

भूमिसुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरीमा कार्यरत कार्यालय सहयोगी अर्जुन कुमार मण्डलले मोही जग्गाको बाँडफाँट सम्बन्धी मुद्दाको लगत कट्टा गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज कार्यालय सहयोगी अर्जुन कुमार मण्डललाई सेवाग्राहीसँग रु.२,०००।- (दुई हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा उक्त रकम सहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भूमिसुधार तथा मालपोत कार्यालय राजविराज सप्तरीका कार्यालय सहयोगी अर्जुन कुमार मण्डलले घुस/रिसवत लिएको देखिदाँ उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज कार्यालय सहयोगी अर्जुन कुमार मण्डललाई बिगो रु. २,०००।— (दुई हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**